तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०७/१६ गतेको
बैठकमा पेस भएका प्रस्तावहरुः

प्रस्ताव नं. १) अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २) सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ३) बोंगादोभान-रिक्लाङ-तमान-लाम्मेला सडकको अवरोध सम्बन्धमा।

प्रस्ताव नं. ४) उपभोक्ता समिति गठन, योजना सम्झौता र कार्यसम्पन्न सम्बन्धमा ।

प्रस्ताव नं. ५) विविध सम्बन्धमा ।

Scanned with CamScanner

**<u>मिति २०८२/०७/१६ गतेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुः</u>**

निर्णय नं.१)

अघिल्लो गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु केही कार्यान्वयन भएको र केही कार्यान्वयनको क्रममा रहेको हुँदा सोको प्रभावकारिता अभिवृद्धिका लागि सबैले आ-आफ्नो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्ने निचोड सहित अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समीक्षा गरियो ।

निर्णय नं. २)

चालु आ.व. २०८२/०८३ को प्रथम चौमासिकसम्ममा सञ्चालित सम्पूर्ण योजना, कार्यक्रम तथा सेवा प्रवाहको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा गर्ने ।

तपसिलः

सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः

मितिः. २०८२/०७/३० गते आइतबार,

समयः विहान ११ बजे,

स्थानः तमानखोला गाउँपालिका ६ नं. वडा कार्यालयको प्राङ्गण ।

निर्णय नं. ३) बोंगादोभान-रिक्लाङ-तमान-लाम्मेला सडकको अवरोध सम्वन्धमा।

वर्षातको कारणले विभिन्न ठाउँमा पहिरो गएर अवरुद्द हुन पुगेको बोंगादोभान-रिक्लाङ-तमान-लाम्मेला सडकको अवरोध हटाउने सम्वन्धमा शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विकास विभाग, स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, पोखरा र श्री नरजङ्ग घर्ती, धमनी देउराली निर्माण सेवा प्रा.लि. लाई पत्राचार गरिए पश्चात उक्त सडकको अवरोध आंशिक रुपमा मात्र हटेकोले पूर्णरुपमा हटाई सुरक्षित सडक सञ्चालनका लागि पहल गर्ने ।

निर्णय नं. ४)

चालु आ.व. २०८२/०८३ मा उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरुको निर्धारित समयमा नै कार्यान्वयन सुनिश्चित गर्न उपभोक्ता समिति गठन, योजना सम्झौता र कार्यसम्पन्न तपसिल बमोजिम गर्नेगरी समयसीमा निर्धारण गरी सोही बमोजिम अघि बढ्ने।

तपसिलः

उपभोक्ता समिति गठनः २०८२ कार्तिक मसान्त भित्र

योजना सम्झौताः २०८२ मंसिर मसान्त भित्र

योजनाको कार्य सम्पन्नः २०८२ चैत मसान्त भित्र

Scanned with CamScanner